# डेनियल जेनेरल

डेनियल जेनेरल स्थानिय स्तरमा उपलव्द जडिवुटी वाट तयार गरयिको समिश्रण हो। यो सीमश्रण लाही जस्ता किरा नियनत्रण गर्न प्रयोग गरिन्छ ।

## डेनियल जेनेरलका फाईदाहरुः

- कम मुल्य
- स्थानिय स्तरमा उपलव्द जडिवुटी र सिपको प्रयोग
- वातावरण, मानव स्वास्थमा कुप्रभाव न्युन
- रसायणिक विषदी प्योग गर्नु नपर्ने

## आवश्यक सामग्रीहरुः

| | |
|---|---|
| बनमारा | १०० ग्राम |
| तुलसी | १०० ग्राम |
| तितेपाती | १०० ग्राम |
| डुङ्ग्री फुल | १०० ग्राम |
| बोजो | १०० ग्राम |
| तिमुर | १०० ग्राम |
| रक्सी | १ लिटर |

## बनाउने तरीका :

माथि उल्ले गरिएका सामाग्रहिरु जम्मा गर्ने ।

उक्त सामाग्रहिरु मसिनो हुने गरी कुट्ने ।

सवै सामाग्रहिरु १ लिटर रक्सीमा भिजाउने र हावा नछिर्ने भाडोमा २४ धण्टा सम्म राख्ने ।

## छर्ने तरीका :

भोलि पल्ट उक्त  समिश्रण छान्ने र १ भाग बरावर ७ ल्टिर पानि हाली आवश्यक बिरुवामा प्रयोग गर्ने।

## डेनियल बकाईनो

डेनियल बकाईनो स्थानिय स्तरमा उपलब्द जडिबुटी बकाईनो र रक्सीवाट  तयार गरयिको समिश्रण हो। यो सीमश्रण कपासे किरा(मिलिबग) जस्ता किरा नियनत्रण गर्न प्रयोग गरिन्छ ।

डेनियल बकाईनोका फाईदाहरुः

- कम मुल्य ।
- स्थानिय स्तरमा उपलव्द जडिवुटी र सिपको प्रयोग ।
- वातावरण, मानव स्वास्थमा कुप्रभाव न्युन ।
- रसायणिक विषदी प्रयोग गर्नु नपर्ने ।

### आवश्यक सामग्रीहरु :

| | |
|---|---|
| बकाईनो | २५० ग्राम |
| रक्सीवाट | १ लिटर |

### बनाउने तरीका

२५० ग्राम बकाईनो मसिनो हुनेगरी कुट्ने ।

उक्त कुटिएको बकाइनोलाई १ लिटर रक्सीमा मिसाई बिर्को बन्द हुने भाडोमा राखी २४ धण्टा राख्ने।

### प्रयोग गर्ने तरीका :

माथिको समिश्रण एउटा कपडाको सहयोगले छान्ने । छानियको रसमा ७ लिटर पानी ठपी आवश्यक बिरुवामा छर्ने । आवश्यकता अनुसार यो प्रकिया हप्तो दुई पतक दोहोर्‍याउन सकिन्छ ।